# जानकी गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनमा प्रस्तुत
# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
२०८१ असार २६ गते

**आदरणीय सभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवम प्रतिनिधिज्यू, सुरक्षा निकायका प्रमुखज्यू, संघसंस्थाका प्रतिनिधिज्यू, राष्ट्रसेवक कर्मचारीज्यू, विभिन्न सञ्चार माध्यमका सञ्चारकर्मी एवम् पत्रकारज्यू तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरव महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**हाम्रो गाउँपालिका,राम्रो गाउँपालिका भन्ने ध्येयमा पुग्न "स्वास्थ्य, शिक्षा,कृषि,पूर्वाधार र रोजगार : जानकी गाउँपालिकाको समृद्धिको आधार"** भन्ने मूल नाराका साथ संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, बाँके जिल्ला जानकी गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनमा यस गाउँपालिका अध्यक्षको हैसियतले आ.व. २०८१/ ०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरिरहेको छु ।

**गाउँसभाका सदस्यज्यूहरु एवम् उपस्थित महानुभावहरु,**

यस गरीमामय सभामा चालु आ.व. का नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु निम्नानुसार पेश गर्न गइरहेको छुँ ।

- कन्या आ.वि.विद्यालय संचालन गरी पठनपाठनमा बिद्यार्थीहरुलाई लाग्ने सम्पुर्ण खर्च अन्तर्गत पाठ्यपुस्तक, शैक्षिक सामग्री, ड्रेस र स्कुल बस सेवा निशुल्क गर्दै आएको छ ।
- पर्यटन क्षेत्र विकासको लागि जानकी गाउँपालिकामा अवस्थित ईश्वरी ताल,जोगगाउँ मन्दिर र अन्य ताल संरक्षण कार्य लगायत परम्परा देखि मान्दै आएको धर्म संस्कृति तथा प्राचीन सम्पदाहरुको संरक्षणको लागि पालिका तथा संघ,प्रदेश सरकारको सहयोगमा प्रवर्द्धनात्मक कार्य गरिएको ।
- चालु आ.व. मा यस जानकी गाउँपालिका भित्र विपदका कारण घटेका घटनाहरु जस्तै हावाहुरी,आगलागी,डुबान,शितलहर तथा महामारी लगायत बाट भएको क्षति न्यूनीकरणका लागि विपत कोष मार्फत पिडित हरुलाई विभिन्न किसिमका(खाधान्न,लताकपडा,जस्तापाता,दाउरा,औषधी उपचार आदि) राहत उपलब्ध गराई केही हद सम्म विपद व्यवस्थापन कार्य गरिएको ।
- पशुहरुमा महामारी रुपमा फैलिएको लम्पी स्किन रोग नियन्त्रणका लागि घर घरमा गई यथाशिघ्र उपचार गरी रोग नियन्त्रण गरिएको ।

# आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क) कृषि तथा पशु तर्फः**

- कृषिमा विद्युतीकरण गरी उत्पादन र उत्पादकत्व बढाउने नीति ल्याईनेछ ।
- किसानको मागमा आधारित कार्यक्रम संचालन गरिने नीति ल्याईनेछ ।
- कृषकलाई आवश्यकताको आधारमा बिउबिजन वितरण तथा सिचाईको प्रवर्द्धन गरिने नीति ल्याईनेछ ।
- गाउँपालिकाको कृषि सम्बन्धि विवरण सहित कृषि प्रोफायल तयार गर्ने।
- गाउँपालिकाको खाद्य वासलात पत्ता लगाउन भावी योजना निर्माण गरिने छ।
- उच्च मूल्य पर्ने वस्तुहरुको सम्भावना पत्ता लगाई युवा स्वरोजगार जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ।
- उत्पादनमुखि कृषि सेवा प्रदान गरिने छ।
- वाली विमा कार्यक्रम संचालन गरिने छ।
- कृषकहरुको उत्पादनमा आधारित अनुदान कार्यक्रमहरु संचालन गरिने छ।
- व्यवसायीक कृषकहरुलाई प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र सम्भावना बोकेका कृषि उत्पादनहरुको बजारीकरणलाई सहज बनाउन पहल गरिने छ।
- संघिय, प्रदेश राज्यले अङ्गिकार गर्दै आएको प्रचुर मात्रामा सम्भावना बोकेका बाली तथा कृषि बस्तुहरुलाई पकेट, बलक, जोन र सुपरजोन जस्ता उत्पादन केन्द्रको स्थापना गरि उत्पादन तथा वजारीकरणलाई सहज वनाउने कार्य गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने अति विपन्न कृषकहरुको पहिचान गरि कृषक परिचय पत्र वितरण कार्यको लागि पहल गरिने छ।
- हरेक टोल बस्तीहरुमा कृषक समूह र वडा तथा गाउँपालिकामा कृषक समन्वय समिति गठन गरिने छ।
- बजारीकरण तथा कृषि उपज बजारको अनुगमन, नियमन तथा समन्वय गरिने छ।
- उचित किसिमको सिंचाई व्यवस्था उपलब्ध गराइने छ।
- नया प्रविधि अवलम्बन गर्न संघ र प्रदेशका कार्यालयहरुसँग समन्वय गरिने छ।
- अन्य स्थानीय तहका कृषि शाखासँग समन्वय गरि कृषि सम्बन्धि प्रचार प्रसार तथा अनुभव आदान प्रदानका कार्यक्रम अघि बढाइने छ।
- सहकारी संस्थाहरुलाई व्यवसायी मुलक र रोजगारी मुलक बनाउन अनुगमन तथा निरिक्षणलाई अझ प्रभावकारी बनाइने छ।
- गाउँपालिकामा पशुपंक्षी को उपचारको लागि डिस्पेनन्सरी(पशु अस्पताल) सेवा संचालन गरिने छ ।
- सवै वडामा किसानले पालेका सबै पशुपंक्षीहरुलाई निःशुल्क खोप लगाउने कार्य गरिने छ ।
- निशुल्क कृत्रिम गर्भाधान सेवालाई किसानको घरदैलो सम्म पुरयाईने छ ।

- उद्यमी तथा सहकारी मार्फत दूध संकलन केन्द्र स्थापना गरि संचालन गरिने छ ।
- गोठदेखि ओठ किसानलाई नोट कार्यकम अन्तर्गत ठूला किसानहरुलाई अनुदानका कार्यकम संचालन गरिने छ ।
- महिला, अति विपन्न, अपाङ्ग तथा पिछडिएका समुदायलाई विभिन्न आयआर्जनमुलक कार्यकम संचालन गरिने छ ।

**ख) <u>लघु उद्यम बिकास शाखाः</u>**

- बेरोजगार भई बसेका हरेक समुदायका महिला पुरुषलाई समेटिने गरि लघु उद्यमका क्षेत्रमा प्रवेश गराउनका लागि अति विपन्न परिवार छनोट गरि मागमा आधारित उद्यमशिलता तालिम प्रदान गरिने छ।
- लघु उद्यम सिर्जनाका लागि गरिवी निवारणमा टेवा पुग्ने कार्यकम सन्चालन गरिने छ लघु उद्यमीहरुलाई वित्तिय पहुँचमा सुनिश्चित गरी रोजगारी सिर्जना गरिनेछ ।
- व्यावसाय विस्तारमा टेवा पुराउनका उद्यम व्यबसाय गरीरहेका उद्यमीहरुका लागि उद्यम व्यबसाय वृद्दी तथा विस्तारका लागि थप प्रविधि हस्तान्तरण कार्यकम सन्चालन गरिनेछ ।

**ग) <u>रोजगार शाखातर्फः</u>**

- स्थानिय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आवहान गरी सूचीकृत गरिनेछ ।
- सूचीकृत बेरोजगार व्यक्तिलाई प्रथामिकिकरणका आधारमा न्युनतम १०० दिनको रोजगारीमा संलग्न गराईनेछ ।
- संघ प्रदेश तथा स्थानिय तह बाट गरिने रोजगार मुलक कार्यक्रममा विस्तार गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि सहकारी तथा गैर सरकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिईनेछ ।
- वैदेशिक रोजगारी बाट फर्किएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगार मुलक कार्यमा संलग्न गराई पुन एकिकरण कार्यक्रम गरिनेछ ।
- रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी रोजगार बैंकको रुपमा स्थापित गरिनेछ ।
- संघिय सरकारबाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र खर्च गर्नु पर्ने भएकोले आयोजनामा लाग्ने निर्माण सामाग्रि तथा अन्य सामाग्रिका लागि स्थानिय तह बाटै बजेट विनियोजन गरिनेछ ।
- स्थानीय तहमा रोजगार रणनिति बनाई रोजगारदातहरु संग समन्वय गरी रोजगारीको क्षेत्र विस्तार गरिनेछ ।
- स्थानीय तहमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहनेलाई स्थानिय तह बाटै अनलाईन मार्फत श्रम स्वीकृती पुन श्रम स्वीकृतीको लागि सिफारिस गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने तथा जान चाहनेहरुका लागि सुचना तथा परामर्श सेवा प्रदान गरिनेछ ।

- वैदेशिक रोजगारीमा गएका श्रमिक र श्रमिकका आश्रीत परिवारलाई वैदेशिक रोजगार बोर्ड बाट उपलब्ध गराईने कल्याणकारी सेवा अन्तर्गत आर्थीक सहायता को लागि स्थानिय तह बाटै अन लाईन माफत सहजिकरण गरिनेछ ।
- बालश्रम मुक्त पालिका घोषणा गर्नको लागि बालश्रम लक्षित कार्यक्रम गरिनेछ ।
- श्रमिकहरुको श्रमिक परिचयपत्र बनाई पहिचानको नीति ल्याईनेछ ।

## घ) सहकारी एवं वित्तीय व्यवस्थापन सम्बन्धि नीतिः

- जानकी गाउँपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाहरुलाई आर्थिक विकासको संवाहकको रुपमा विकास गर्न विशेष रणनीति तथा कार्यक्रम संचालनमा ल्याइने छ।
- जानकी गाउँपालिका भित्र संचलान भएका सहकारी संस्थाहरुको नियमन, संचालन र व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।
- सहकारी संस्थाहरुका संचालक र सदस्यहरुको क्षमता अभिवृद्धि गर्न सहकारी सचेतना कार्यक्रम संचालनमा ल्याइने छ।
- सहकारी प्रवर्द्धन तथा व्यवस्थापन गर्नका लागि सहकारी सम्वन्धीत सरोकारवालाहरुसँग नियमित रुपमा बैठक संचालन तथा अन्तरक्रिया गरिनेछ।
- सहकारी व्यवस्थापनलाई व्यवस्थापन सूचना प्रणाली भित्र आवद्ध गराउन कोपोमिस सम्वन्धी क्षमता अभिबृद्धि तालिम संचलान गरि कार्यान्वयनमा ल्याइनेछ।
- संकटग्रस्त तथा निष्कृय सहकारीको व्यवस्थापन गर्न विशेष कार्यक्रम संचालनमा ल्याइनेछ।
- सहकारी व्यवस्थापन सम्वन्धी विभिन्न क्षमता अभिवृद्धिका तालिम,कार्यशाला र गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ।
- सहकारी भित्र रहेका समस्या तथा चुनौतीहरुलाई सामाधान गर्न आवश्यकता अनुसार सहकारी विज्ञ परामर्श सेवा लिइनेछ।
- देशभित्रका व्यवस्थित रुपमा संचालन भएका सहकारी संस्थाहरुको ज्ञान,सिप र अनुभवलाई आन्तरिकीकरण गर्न सहकारी अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ।
- सहकारी संस्थाको नियमित रुपमा अनुगमन गरि पृष्ठपोषन प्रदान गरिनेछ।

## ङ) पर्यटन प्रवर्द्धन सम्बन्धि नीतिः

- सबै समुदायहरुको संस्कृति जगेर्ना तथा धार्मिक पर्व मनाउन र धर्म संस्कृतिको संरक्षण गर्ने नीति ल्याईनेछ ।
- जनताको माग र आवश्यकता अनुसार पालिका स्तर तथा वडाहरुमा विवाह मण्डप(Marriage Hall) बनाउने नीति ल्याईनेछ ।
- पालिका स्तरीय नमुना उद्यान पार्क बनाउने नीति ल्याइनेछ ।

# सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क) स्वास्थ्य तथा सरसफाई**

- नेपाल सरकारबाट स्वास्थ्य संस्थाहरुका लागी निशुल्करुपमा प्रदान गरिदै आएको औषधिहरु तथा मेडिकल उपकरणहरु जानकी गाउँपालिका अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा आपूर्ति गरिने छ ।
- यस जानकी गाउँपालिका अन्तर्गतका वर्थिग सेन्टर सञ्चालन हुन बाँकी रहेका स्वास्थ्य संस्थाहरुमा क्रमश वर्थिग सेन्टर स्थापना गरिदै लगिने छ ।
- खोप कार्यक्रमलाई व्यवस्थित बनाउनका लागी जानकी गाउँपालिकामा खोप भण्डारणको व्यवस्था गरिने छ ।
- ५ बर्ष मुनिका बालबालिकाहरुको नियमित तौल अनुगमन गरि कुपोषित बालबालिकाको पहिचान तथा व्यवस्थापन गरिने छ ।
- स्वास्थ्यका सूचक बढाउन वार्ड नं. १ देखि ६ सम्मका गाउँ समुदायमा महिला स्वा.स्व.सेविकाहरुको उपस्थितिमा आमा समुहको मिटिङलाई प्रभावकारी बनाइने छ ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी बनाउन मासिक मिटिङ, चौमासिक समिक्षा र बार्षिक समिक्षालाई निरन्तरता दिईने छ ।
- जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ देखि ६ सम्मका स्वास्थ्य संस्थाहरुको भौतिक सरचनाहरुलाई विस्तार गर्नुको साथै स्वास्थ्य संस्थामा औजार र उपकरणको व्यवस्था मिलाईने छ ।
- स्वास्थ्य संस्थाहरुमा प्रयोगशालाहरुको विस्तार गर्दै लगिनेछ । प्रयोगशालाको लागि आवश्यक केमिकल तथा औषधीहरुको व्यवस्थापन गरिने छ ।
- यस जानकी गा.पा.वडा नं. १ देखि ६ सम्मका गर्भवती तथा सुत्केरी महिलाहरुलाई ल्याउन र पु–याउनको लागी निशुल्क एम्वुलेन्सको व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिकहरुका लागी आँखा र कानको जाँचको लागी निशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- विभिन्न रोग सम्बन्धि विशेषज्ञ चिकित्सक द्धारा निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- कुष्ठरोग तथा क्षयरोग संक्रमण दर कम गर्नको लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य सेवालाई समुदाय स्तर सम्म प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई यातायात खर्च, संचार खर्च तथा प्रोत्साहन रकमको व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको निर्देशिका अनुरुप उमेर पुरा भएका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाईको व्यवस्था गरिनेछ । विदाई लिने महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई विदाई रकम उपलव्ध गराईनेछ र उत्कृष्ट कार्य सम्पादन गर्ने महिला स्वास्थ्य स्वयं सेविकालाई पुरस्कारको व्यवस्था गरिनेछ ।

- गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी बनाउन स्वास्थ्य क्षेत्रमा कार्यरत स्वीपर, कार्यालय सहयोगी, ल्याब असिस्टेन्ट, बर्थिग सेन्टरमा कार्यरत अ.न.मी. तथा स्वास्थ्यकर्मीहरुको सेवा सम्झौतालाई निरन्तरता दिईनेछ ।
- यस गा.पा. अन्तर्गत वडा नं. १ देखि ६ सम्मका स्वास्थ्य सस्थाहरुवाट सुरक्षित गर्भपतन (१० हप्ता सम्मको ) सेवा प्रदान गरिने छ ।
- जानकी गा.पा.को १५ शैया अस्पताल संचालनको प्रवर्द्धन मिलाइनेछ ।
- खोप केन्द्र भवन निर्माणमा जोड दिईनेछ ।
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई स्वास्थ्य संस्थावाट प्रेषण गरि भेरी अस्पताल, मेडिकल कलेज नेपालगन्ज मेडिकल कलेज कोहलपुरमा पठाउँदा निशुल्क एम्वुलेन्सको व्यवस्था गरिने छ ।
- स्वास्थ्यका सुचकहरुलाई बढाउन स्वास्थ्य संस्था खोप क्लिनिक, पोषण कार्यक्रम, पि.एन.सि. भिजिट, आमा समुह मिटिङ गाउ घर क्लिनिकमा स्वास्थ्य संस्थाबाट स्वास्थ्य शाखावाट समाजिक विकाश समिति, पालिकाबाट व्यापक अनुगमनको व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई (७० बर्ष माथि) घरैमा स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मी परिचालन गरिनेछ।
- वडा नं. १ देखि ६ सम्मका स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था बनाउन पहल गरिनेछ ।
- विद्यालय जाने किशोरी र विद्यालय नजाने किशोरीहरुलाई आईरन फोलिक एसिड वितरण कार्यक्रमलाई व्यवस्थित बनाईनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षालाई नियमित तथा प्रभावकारी बनाईनेछ ।
- स्वास्थ्य सुचकहरुलाई प्रभावकारी बनाउन सडक नाटक, समुदायहरुमा अन्तरक्रिया तथा जनचेतनामुलक कार्यक्रम गरिनेछ ।
- वडा नं. ३ मा जनसंख्याका चाप बढी भएको कारणले थप १ जना स्वयं सेवकको व्यवस्था गरिनेछ ।
- नागरिकको स्वस्थ जीवनयापनको लागि पालिका स्तरमा योग शिविर संचालन गर्ने व्यवस्था गरिनेछ ।

## ख) शिक्षा.युवा तथा खेलकुद :

- "समृद्ध जानकी शिक्षित जानकीको" अवधारणा अनुरुप पञ्च वर्षिय गाउँ शिक्षा योजना निर्माण गरिनेछ।
- शिक्षामा सूचना तथा प्रविधिको विकास गरी सबै विद्यालयलाई प्रविधि मैत्री बनाइनेछ।
- शिक्षामा पहुँच, गुणस्तर र संस्थागत क्षमता विकासको लागि योजनावद्ध कार्य संस्कृतिको विकास गरिनेछ।
- शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक तथा बाल विकास सहजकर्ताहरुको क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- प्रारम्भिक बाल विकास केन्द्रका शिक्षक र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ।
- गाउँपालिका अनुदान दरबन्दीमा कार्यरत शिक्षकहरुको निरन्तरता र शिक्षक कम भएको विद्यालयमा शिक्षक व्यवस्थापन गरिनेछ।

- युवाहरुलाई लक्षित गरी विभिन्न प्रोत्सहानमुलक खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने भनाइका साथ विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ । साथै विद्यालयहरुमा खेलकुद तथा शैक्षिक सामग्री उपलब्ध गराइनेछ।
- विद्यार्थीको प्रतिभा पहिचानको लागि पालिका स्तरमा विभिन्न प्रोत्सहानमुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- जानकी गाउँपालिको विद्यालयहरुलाई नमूना विद्यालय बनाउने उद्देश्य तथा शैक्षिक गुणस्तर सुधारको लागि शैक्षिक भ्रमणको व्यवस्थापन गरिनेछ।
- विद्यालयमा विद्यार्थीलाई ल्याउन, सिकाउन र टिकाउनको लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण तथा मर्मत गरिनेछ।
- विद्यार्थीको मनोवल उच्च राख्नको लागि पालिका स्तरीय आधारभुत तह कक्षा ८ को वार्षिक परीक्षामा उत्कृष्ट छात्र तथा छात्रालाई पुरष्कृत गरिनेछ।
- सामुदायिक आधारभुत तथा माध्यमिक विद्यालयहरुमा सेनिटरी प्याड डिस्पोजल मेसिन जडान गरिनेछ।
- शैक्षिक गुणस्तर सुधारको लागि नियमित विद्यालय अनुगमन तथा सुपरिवेक्षण गरिनेछ।
- सबै सामुदायिक विद्यालयमा विद्युत महसुल उपलब्ध गराइनेछ।
- समुदायमा आधारित सबै बाल विकासहरुलाई क्रमशः विद्यालयमा ल्याइनेछ।
- छात्राहरुलाई प्रोत्सहान गर्नको लागि खुल्ला स्तरीय उपाध्यक्ष कप भलिबल तथा कब्बडी प्रतियोगिता सञ्चालन गरिनेछ।
- शैक्षिक सत्र २०८० देखि कक्षा १ – ८ सम्म लागु भएको स्थानीय पाठ्यक्रमको कार्यान्वयनको लागि स्थानीय पाठ्यपुस्तक निर्माण तथा विकास गरिनेछ।
- विद्यालयहरुमा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा खेलकुद कार्यक्रम र पालिकास्तरमा खेलकुद मैदानको विकास र विस्तारको लागि जोड दिइनेछ।
- कन्या विद्यालयको विकास र विस्तारको लागि जोड दिइनेछ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुको खोजी गरी विद्यालयमा ल्याउनको लागि कार्यक्रम सञ्चालन गरिनेछ।
- कक्षा ११ र १२ मा विज्ञान विषय तथा प्राविधिक धारमा अध्ययनरत विपन्न परिवारका छात्रछात्राहरुलाई छात्रवृत्ती उपलब्ध गराइने छ ।
- शैक्षिक सुधारको लागि संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ।
- आवश्यकता अनुसार अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गराईनेछ ।
- प्रारम्भिक कक्षा १-३ को व्यवस्थापन तथा सुदृढिकरणलाई प्राथमिकता दिईनेछ ।
- पालिकास्तरमा संचालित मदरसा तथा गुरुकुलमा दिवा खाजा,पाठ्यपुस्तक तथा छात्रवृत्तिको व्यवस्थापन गरिनेछ ।

## ग) <u>जेष्ठ नागरिक,महिला,बालबालिका तथा अपाङ्ग</u>

- बाल विवाह न्यूनिकरणकोलागी कार्य योजना बनाई अनुगमनको पक्षलाई निरन्तरता दिईनेछ ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण प्रवर्धन गर्न महिला बालबालिका, दलित, अल्पसंख्यक, लोपन्मुखजाति,मधेसी, मुस्लिम,जनजाती तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण गर्न आवश्यक क्षमता विकास तथा सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- एकल महिला लक्षित कार्यक्रममा विशेष जोड दिईनेछ ।
- महिला उद्यमी प्रवर्द्धनमा जोड दिईनेछ ।
- अपाङ्गता हिँसा, घरेलु हिँसा, बोक्सी प्रथा, बहु विवाह, दाईजो र दहेज प्रथा न्यूनिकरणको लागी सचेतनामुलक कर्यक्रम संचालन गरिनेछ । साथै लैङ्गिक हिँसा निवारण कोषलाई निरन्तरता दिईनेछ ।
- अपाङ्गता परिचय–पत्र तथा जेष्ठ नागरिक परिचय–पत्रलाई स्मार्ट परिचय–पत्र बनाईनेछ ।
- विद्यालय छोडेका किशोरीकरुको लागी शिपमुलक तालिम संचालन गरि आत्मनिर्भर बनाउन जोड दिईनेछ ।
- समुदाय, विद्यालय, तथा टोल स्तरिय बाल क्लब, किशोरी क्लबलाई सक्रिय बनाई क्षमता अभिबृद्धिमा जोड दिईनेछ ।
- बालकोषलाई निरन्तरण दिईनेछ ।
- बालमैत्री स्थानीय शासन लागु गरिनेछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकको तथ्याँक संकलन गरि शसक्तिकरणमा जोड दिईनेछ ।
- बालबालिका मैत्री बाल उद्य्यान निर्माणको निति लिईनेछ ।
- जेष्ठ नागरिक सम्मान, अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम लागु गरिनेछ ।
- अपाङ्गता परिचय–पत्र वितरण, शिविरबाट परिचय–पत्रको बर्गिकरणको लागी थप गरिने चेकजाँचमा लाग्ने उपचार खर्च निशुल्क गरिनेछ ।
- मानव बेचविखन विरुद्धको समितिलाई सक्रिय बनाईनेछ ।
- लागु औषध दुव्र्यसनिमा फसेका बालबालिकाहरुको पहिचान तथा व्यवस्थापनको निति लिईनेछ ।
- SEE दिएका बालबालिकाहरुलाई ब्रिज कोर्ष तथा करिएर काउन्सेलिङको व्यवस्था गरिनेछ ।
- छोरी बचाउ होईन छोरा सम्झाउ कार्यक्रम लागु गरिनेछ ।
- कुसबंधिया, पत्थरकट, जेडिया, चिडिमार, बेडया लगायतका समुदायका महिलाहरुको शसक्तिकरण गरि स्वरोजगारमुलक तालिम कार्यक्रम संचालन गरिनेछ ।
- पालिका भित्र संचालनमा रहेका बाल गृहहरुको मापदण्डको अनुगमन गरिनेछ ।
- लैङ्गिक समानता समाजिक समावेशिकरण तथा लैङ्गिक उत्तरदायी बजेट परिक्षण हरेक आ.ब.मा गराईनेछ।
- लैससास आचार सँहिता बनाई पालिका तथा वडा कार्यालयमा फेलेक्स बनाई राखिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको परिचय–पत्र वितरण शिबिरमा डक्टरको चेकजाँच पछि चेकजाँचमा लाग्ने उपचार खर्चको व्यवस्था गरिनेछ ।

## घ) पंजीकरण शाखा

- व्यक्तिगत घटना दर्ता र समनाजिक सुरक्षा भत्ता सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- घटना दर्ता र समाजिक सुरक्षा भत्ताको गुणस्तरीय काम गर्ने सवै वडा कार्यलयहरुमा कार्यन्वयन गराईनेछ ।

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागी लाभ ग्राहीहरुको पहिचान गर्न बायोमेट्रिक स्क्यानर डिभाईसको व्यवस्थापन गर्नको साथै उक्त डिभाईसलाई व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली संग आवद्ध हुने गरि संचालन गरिने छ ।
- सवै वडा कार्यालयहरुमा समाजिक सुरक्षा भत्तामा बायोमेट्रिक डिभाईस लागु भएको हुनाले बायोमेट्रिक डिभाईस १० औलाको छाप आउने डिभाईस खरिदकोलागी बजेट व्यवस्थापन गरिनेछ ।
- सवै वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता नविकरण तथा राष्ट्रिय परिचयपत्र निर्माणको लागी प्रचार प्रसार गरिनेछ ।
- सवै वडा कार्यालयहरुमा बायोमेट्रिक डिभाईस सम्वन्धी तालिम दिने व्यवस्था मिलाईनेछ ।

## ङ) खानेपानी तथा सरसफाइ

- खानेपानी र सरसफाई कार्यक्रम अन्तर्गत पानीको गुणस्तर चेकजाँच तथा पानी शुद्धिकरण गर्ने कार्यक्रम अगाडी बढाउनुका साथै संघिय तथा प्रदेश खानेपानी तथा ढल निकास योजना अन्तर्गत जानकी खानेपानी आयोजनालाई पुनर्निर्माण र विस्तार गर्न सहकार्य गर्ने ।
- प्रदेश खानेपानी तथा ढल निकास निर्माणाधिन आयोजनाहरुलाई छिटो छरितो कार्यान्वयनको लागि अगाडि बढाउन पहल गरिने छ ।
- आर्सेनिक युक्त पानी भएको र सतहमुनी पानी नभएको कारण खानेपानीको समस्यामा रहेका बस्तीहरुको पहिचान गरि तत्काल खानेपानीको समस्या समाधान गर्न बजेटको व्यवस्था गरिने छ ।
- सबै वडाहरुमा ओभर हेड खानेपानी टंकि निर्माण गरि सहज रुपमा पिउने पानीको व्यवस्थाका लागि संघ, प्रदेश सरकारको लगानी सुनिशिचित गरि कार्यक्रम सञ्चालन गरिने छ। खानेपानीको पाइपलाईन विस्तार गर्न पालिका स्वरोजगार कार्यक्रम संचालन गरिने छ।
- पानी शुद्धीकरण चेकजाँच गर्ने नीति ल्याईनेछ ।
- प्रत्येक घर टोल बस्तीमा पुर्ण सरसफाईका सुचकहरु लागु गरिने छ ।
- बजार क्षेत्रमा व्यवस्थित गर्न ढल निकासको लागि गुरु योजना बनाई निर्माण कार्य अगाडी बढाईने छ ।
- एक घर एक धारा अभियान संचालन गर्दै खानेपानी स्रोत नभएका परिवार तथा सार्वजनिक स्थल तथा चोकहरुमा सार्वजनिक धारा जडान तथा उपलब्ध गराइनेछ।
- फोहरलाई मोहरमा रुपान्तरणका लागि फोहर संकलन देखि नै अलग अलग गरि निजि क्षेत्रको सहकार्यमा आय आर्जन हुने गरि कार्यक्रम सञ्चालन गरिने छ ।
- फोहर व्यवस्थापनको लागि व्यवस्थितका लागि डंपीग साइडको निर्माण गरिनेछ।
- पानीको स्रोतको संरक्षण र सम्र्बधन गरी स्थानिय बासीलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ
- आवश्यकताको आधारमा बजारको फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साईट निर्माण कार्य आगाडी बढाईने छ ।
- सबै स्वास्थ्य संस्था तथा विद्यालयहरुमा हुने फोहोरलाई व्यवस्थापन गर्न विशेष व्यवस्था मिलाईनेछ
- प्रत्येक घरमा फोहोरमैलाको वर्गिकरण गरी कम्पोष्ट मल बनाउने तालिम संचालन गरिनेछ।
- अत्यन्तै भिडभाड हुने स्थानहरुमा साझेदार संस्थाहरुको सहयोगमा यात्रु तथा बटुवाहरुका लागि सार्वजनिक पिउने पानीको व्यवस्था मिलाईने छ ।
- सबै स्वास्थ्य संस्था तथा विघालयहरुमा हुने उचित शौचालयहरुको व्यवस्थापन गर्न विशेष व्यवस्था मिलाईनेछ ।

- न्युनतम लागत साझेदारीमा गरिब,अपाङ्ग,लोपन्मुख तथा विपन्न परिवारको लागि निशुल्क शौचालय निर्माण गर्ने नीति ल्याइनेछ ।
- जानकी गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) निर्माण कार्य विगत आ.व.हरु देखि निरन्तर रुपमा भईरहेको र सो कार्यलाई अझ प्रभावकारी एवं गतिशिल बनाउन बजेट बिनियोजन गरी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने नीति ल्याइनेछ ।

**च) <u>आयुर्वेद शाखाः</u>**

- स्थानीय जनतालाई स्थानीय जडिबुटी परिचयात्मक कार्यक्रम गर्ने नीति ल्याइनेछ ।
- आयुर्वेद सम्बन्धि सुचना मुलक सामाग्री प्रकाशन प्रशारण गर्ने नीति ल्याइनेछ ।
- स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी जन्य औषधि वितरण गर्ने नीति ल्याइनेछ ।
- विद्यालय आयुर्वेद स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने नीति ल्याइनेछ ।
- जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम गर्ने नीति ल्याइनेछ ।
- गाउँघर क्लिनिक, नसर्ने रोग व्यवस्थापन कार्यक्रम गर्ने नीति ल्याइनेछ ।
- निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने नीति ल्याइनेछ ।
- स्थानीय स्तरमा प्राप्त हुने जडिबुटी परम्परागत ज्ञान तथा सिपको सहि सदुपयोगको साथै तिनीहरुको संरक्षण र सम्बर्धन गर्ने नीति ल्याइनेछ ।

## पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क) <u>पूर्वाधार तथा योजना तर्फः</u>**

- वडागत बजेट विनियोजन गर्दा वडाको भुगोल, जनसंख्या, विकासको सुचकको अधारमा बजेट सिलिङ्ग तयार गर्ने नीति कार्यान्वयन गरिनेछ ।
- समग्र जानकी विकासको लागि सर्वपक्षीय छलफल बाट यस आर्थिक वर्षमा जानकी गाउँपालिकाको गुरुयोजना तर्जुमा गरि विकास लक्ष्यहरु निर्धारण गरिनेछ र गाउँ गुरुयोजनाका आधारमा योजनाहरुको प्राथमिकता क्रम निर्धारण गरेर आगामी वर्षहरुमा योजनावद्ध ढंगले भौतिक निर्माणका कार्यहरु संचालन गरिने र योजना बैंक बनाईनेछ ।
- बहुवर्षिय योजना सँगै जानकीको विकासका लागि मुल सडकबाट वडा कार्यालय जोड्ने र वडा देखि पालिका जोडने सडकहरु स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था गरी निरन्तरता दिईनेछ।
- गाउँपालिका भित्र वडा कार्यालयको भवन नभएको वडाहरुमा भवन निर्माणका लागि प्रकृया अगाडी बढाईनेछ ।
- जग्गा नभएका वडा नं. १,२ र ३ वडा कार्यालयको लागि जग्गा खरीद तथा प्राप्ती प्रक्रिया अगाडि बढाईनेछ ।
- आवश्यकता अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन (IEE) तथा वडा नं. २ वडा कार्यालय को डी.पी.आर तयार गरिनेछ ।
- पूर्वाधार निर्माणको क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई संचालन गर्न, भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्न उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ

- विकास निर्माणका आयोजना संचालन गर्दा आउने अवरोध, बाधा र द्वन्द निराकरण गर्न विवाद सहजीकरण समिति गठन गरि समन्वय गरिनेछ ।
- नेपाल सरकारले लागु गरेको भवन निर्माण आचार संहितालाई पुर्णतया पालना गरिनेछ । साथै सोही बमोजिम नयाँ बन्ने भवनहरुको नक्सा पास कार्यान्वयन गर्ने नीति ल्याईनेछ ।
- सार्वजनिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री तथा बालमैत्री बनाइने नीति ल्याईनेछ ।
- पालिकाको श्रोतले आयोजनाहरु निर्माण हुन नसक्ने वा ठुला योजनाहरु प्रदेश सरकार र संघिय सरकार सँग निर्माण गर्न अनुरोध गरिनेछ ।
- आवश्यकता अनुसार योगा हाल निर्माण गर्ने नीति ल्याईनेछ ।
- पालिका स्तरमा गरिब तथा विपन्न परिवारहरुलाई सुरक्षित आवासको लागि फुसको छाना हटाउने नीति ल्याईनेछ ।
- जानकी गाउँपालिकामा सङ्घीय शहरी विकास पूर्वाधार कार्यक्रम संचालनका लागि सम्बन्धीत निकाय र संघीय सरकारसँग अनुरोध गरिनेछ ।
- सामाजिक आर्थिक विकासमा टेवा पुग्ने खालका धेरै नागरिकहरुलाई सेवा दिने भौतिक पुर्वाधारहरुलाई जोड दिईनेछ ।
- पुँजीगत लगानीलाई आयमूलक आयोजनाहरुमा लक्षित गरिनेछ र दिगो आय दिने खालका आयमूलक आयोजनाहरुलाई बहुवर्षिय आयोजनाको रुपमा संचालन गरिने नीति अवलम्बन गरिनेछ ।
- स्थानिय स्तरको विकासमा उपभोक्ता समिति/टोल विकास समितिलाई स्थापीत गरि सहभागिता गराईनेछ ।
- जानकी गाउँपालिकाभित्र संचालित आयोजनाहरुलाई निरन्तरता दिन साझेदार संस्थाहरुसँग समन्वय गरी नियमित रुपमा र प्रभावकारी संचालनमा जोड दिईनेछ ।
- प्रत्येक वडा वडामा उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम संचालन गरिनेछ ।
- योजनाको स्थलगत अनुगमन मूल्याँकन प्रणाली थप प्रभावकारी बनाईनेछ ।
- पालिकास्तर तथा वडास्तरका योजनाहरु योजना बैंकमा संकलन गरी प्राथमिकताको आधारमा बजेट विनियोजन गर्ने निति ल्याईनेछ ।
- संस्थागत शुसासन अभिबृद्धिका लागि बिषयगत समिति सदस्य र कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरुलाई मध्यकालिन खर्च संरचना सम्बन्धी तालिम संचालन गरी MTEF को ढाँचामा बजेट निर्माण गरी अगामी आर्थिक वर्षमा कार्यन्वयनमा गरिने छ ।
- आ.व. २०८१/८२ देखि पालिका तथा वडाका कुनै पनि आयोजना,योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा अनलाईन प्रणालीमा प्रविष्टि गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।
- ठुला तथा भौतिक पूर्वाधार तर्फका योजनाहरुको योजना शुरु गर्नु अघि,योजना चालु अवस्थामा र सम्पन्न पश्चात गरी ३(तिन) पटक अनिवार्य रुपमा अनुगमन गर्ने नीति लिईनेछ ।
- दलित,विपन्न,असहाय र अपाङ्ग परिवारहरुका लागि शौचालय निर्माण गर्ने नीति लिईनेछ ।

## ख) भूमि तथा भवन व्यवस्थापन

- यस गाउँपालिका भित्र रहेका सरकारी सार्वजनिक जग्गाको पहिचान गरि साँध सिमाना छुट्याउने र संरक्षण गर्ने नीति ल्याईनेछ ।
- यस गाउपालिकको सिमाना छुटियाई नियन्त्रण बिन्दु ( Control Points ) स्थापना गर्ने ।

- १ देखि ६ वटै वडामा भएका भूमिहीन दलित भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासिको पहिचान गरि जग्गा धनि दर्ता प्रमाण पुर्जा बितरण गर्ने नीति ल्याईनेछ ।।
- यस गाउँपालिका भित्र रहेका ऐलानी पर्ती जग्गा पहिचान गरि संरक्षण गर्ने नीति ल्याईनेछ ।
- भू-उपयोग ऐन,२०७६ तथा भू-उपयोग नियमावली,२०७९ बमोजिम यस गाउपालिकाको सम्पूर्ण क्षेत्रको भूउपयोग नक्शा (Land use map) बनाई लागु गर्ने ।

# वातावरण तथा विपत व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

**वन, वातावरण तथा विपद व्यवस्थापन :**

- उघोग तथा कलकारखाना सञ्चालन गर्दा वातावरणीय पक्षलाई पालना गरिएको नगरिएको अनुगमन गर्न विषेश ध्यान दिइने छ।
- सामुदायिक वनलाई संरक्षण गर्दै त्यस्ता वनमा जडीबुटि खेतिका लागि सहकार्य गरिनेछ।
- विपद व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिने छ।
- वातावरण संरक्षण गर्न सड्क छेउछाउमा वृक्षारोपण गरिने छ ।
- विपद् व्यवस्थापन कोषमा यस पटक पनि प्रयाप्त रकम विनियोजन गरि सम्भाव्य विपत्ति र विपत पश्चात हुने क्षति न्युनिकरण र राहत तथा पुनर्स्थापन कार्यलाई प्रभावकारी ढङगले निरन्तरता दिइने छ।
- प्रदेश सरकार सँगको सहकार्यमा निजी तथा सामुदायिक वन प्रवर्धन र विकासका लागि वृक्षारोपण गर्न आवश्यक कार्यक्रम लागु गरिने छ ।
- वृक्षारोपण तटवन्ध र अन्य तरिकाबाट भूक्ष्य नियन्त्रण गरि कृषियोग्य जमिन र बसोवास क्षेत्रको संरक्षण गर्न कार्यक्रम तय गरि लागु गरिने छ ।
- आवश्यकता अनुसार एक वडा एक नर्सरी स्थापना गरि बोटबिरुवा, फलफुलका विरूवा उत्पादन गरि वितरणको व्यवस्था गरिने छ ।
- रोडको छेउछाउमा फलफुलका बिरुवा तथा बढि अक्सिजन दिने बोट बिरुवालाई वृक्षारोपण गरिनेछ।
- पालिका भित्र संचालित उद्योग तथा कल कारखानाबाट निस्कने फोहोरमैला तथा प्रदुषण नियन्त्रण गर्ने नीति ल्याईनेछ ।
- यस पालिकाको वडा न.१ देखि ६ सम्मको डुबान प्रभावित क्षेत्रलाई रेखांकन तथा नक्सांकनको व्यवस्थापन गरिने छ ।
- विपद न्युनिकरणका लागि स्थानिय विपद व्यवस्थापन केन्द्र लाई सबल सक्षम तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गरि विपद पुर्व, विपद जादा, विपद पछिको सचेतना राहत, उद्धार पुर्नलाभ कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तह, निजी क्षेत्र, गैर-सरकारी संघसंस्था तथा समुदायको समन्वयमा एक गोदाम घर निर्माण गरी विपदका व्यवस्थापनका लागि आवश्यक सामाग्री भन्डारण गरिने छ। खोज, उद्धार र राहतको व्यवस्थाका लागि एकीकृत रुपमा कार्य गरिने छ।
- उत्थानशील विकास उन्मुख जानकी गाउँपालिका भन्ने नारालाई आत्मसात गर्दै जानकी गाउँपालिकाको स्थानिय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गरिने छ । जलबायु उत्थानशिल समाजको विकास गरी जानकी गाउँपालिकाको सामाजिक, आर्थिक सम्वृद्धिमा योगदान पुर्याउने विषय

क्षेत्रगत तथा अन्तर विषय क्षेत्रगत नीतिगत, रणनीति तथा कार्यनीतिहरुमा विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका विषयहरुलाई मुलप्रवाहिकरण गर्दै लगिनेछ ।

- विपद सम्बन्धि पुर्व सुचना, विपद जाँदै गर्दाका सुचना जानकी गाउँपालिकाको वेबसाईटमा राखी जनतालाई जानकारी गराईनेछ ।
- प्रस्तावित भु– उपयोग नीति अनुसार भुमिको वर्गिकरण गरि भवन आचार सहितालाई पुर्ण लागु गर्दै बढ्दो खण्डीकरण, प्लाल्टीङ्गलाई निरुसाहित गर्दै खेति योग्य जमिनको संरक्षण गरिने छ । विपद बाट उच्च जोखिममा रहेका बस्तीहरुलाई व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- आगलागी, हावाहुरी, सडक दुर्घटना न्युनिकरणका लागि विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त हुने राहत सहयोग तथा कार्यक्रमलाई एकद्धार प्रणालीबाट संचालन गर्न सहजिकरण समिति बनाई कार्यान्वयनमा लगिनेछ ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क) सुशासन तथा सेवा प्रवाह

- **"स्थानीय सरकार,लोकतन्त्रको आधार"** भन्ने मुल नारालाई व्यवहारमा रुपान्तरण गर्न गाउँपालिकाबाट प्रदान गर्ने सेवालाई छिटो,छरितो,पारदर्शी,गुणस्तरिय र सेवाग्राही मैत्री बनाईनेछ।
- गाउँपालिकाको प्रशासनलाई अझ बढी स्वच्छ, सक्षम, निष्पक्ष, चुस्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउन सार्वजनिक खरीद व्यवस्थापन सम्बन्धी तालिम संचालन गरिनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाहमा कर्मचारीलाई जवाफदेही र उत्तरदायी वनाउन तथा कर्मचारीलाई काम प्रति उत्प्रेरित बनाउन जिल्ला भन्दा बाहिर स्थायी ठेगाना भएको र पालिकाको सेरोफेरोमा कार्यरत कर्मचारीको घर एका संगोल सदस्य मध्ये अस्थायी र स्थायी घर नभएको कर्मचारीहरुलाई गाउँपालिकाको आर्थिक अवस्थाले धान्ने सम्मको आवास व्यवस्थाको नीति ल्याईनेछ।
- गाउँपालिकाको कार्यहरुलाई पारदर्शी बनाउन डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको व्यवस्था गरि नागरिकलाई सुशासनको अनुभूति दिलाउने गरि कार्य सम्पादन गरिनेछ।
- सूचनाको हक सम्वन्धी कानून बमोजिम नागरिकले मागेका विवरणहरु समयमै उपलव्ध गराईने छ।
- गाउँपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, समाजिक परीक्षण नियमित रुपमा कानून बमोजिम गरिनेछ।
- गाउँपालिका भित्रका सवै कार्यालयहरुमा दरवन्दी अनुरुपका कर्मचारीको पदपुर्ति गरि सेवा प्रवाहलाई प्रभावकारी वनाउन आवश्यक पूर्वाधार, इन्टरनेट प्रणाली र व्यवस्थापन सूचना प्रणालीको विकास गर्दै विभिन्न क्षमता विकासका कार्यक्रम,अभिमुखिकरण,गोष्ठी कार्यशाला र तालिमहरु संचालन गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिकाबाट हाल सम्म निर्माण भएका ऐन कानूनहरुलाई संकलन गरि स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

- संगठन तथा व्यवस्थापनको सर्भेको प्रतिवेदनलाई कार्यान्यवन गर्ने तथा कर्मचारीहरुको कार्यसम्पादन करार गरि सोही अनुरुप कार्यसम्पादन मुल्याङकन गर्ने प्रणालीको विकास गरिनेछ।
- गाउँपालिका भित्रका नागरिकलाई सरकारी सेवा प्रवेश गराउने उद्देश्य अनुरुप लोक सेवा आयोग र शिक्षक सेवा आयोगका तयारी कक्षाहरु संचालन गरिनेछ।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको लागि दुर्घटना बीमा कार्यक्रम संचालन गरिनेछ।
- कर्मचारीको कार्यसम्पादनलाई नतिजा मुलक बनाउन दण्ड तथा पुस्कार प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाको सेवा प्रवाहको सन्दर्भमा नियमित रुपमा अनुगमन मुल्याङकन गरि आवश्यक पृष्ठपोषन प्रदान गरिनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **Local Government Institutional Capacity Self-Assessment (LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन FIDUCIARY RISK ASSESSMENT**(**FRA**) तथा **राजश्व** व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम संचालन गरिनेछ ।
- साविक जिल्ला विकास समिति तथा गाउँ विकास समितिबाट समायोजन भएका करार कर्मचारीहरु तथा गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुले खाईपाई आएको तलब सुविधा उपलब्ध गराउने नीति ल्याईनेछ ।
- समान पदमा कार्यरत कर्मचारीहरुको तलब मानमा समाञ्जसयता को नीति ल्याईनेछ ।
- करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने नीति ल्याईनेछ ।

## ख) राजश्व प्रशासन,बाणीज्य तथा उधोग

- जानकी गाउँपालिका भित्र अनिवार्य रुपमा सम्पत्ती कर लागु गरिनेछ ।
- जानकी गाउँपालिकामा उत्पादन भएका तरकारी,फलफुल तथा खाद्य बस्तुहरुको सहज बिक्रि वितरणका लागि हाट बजारको व्यवस्थापन गरिने नीति ल्याईनेछ ।
- पालिकामा संचालित उद्योग तथा कलकारखानाहरुले घरेलु कार्यालय,उद्योग वाणिज्य कार्यालय तथा आन्तरिक राजश्व कार्यालयहरुमा दर्ता तथा नवीकरण प्रक्रिया अगाडि बढाउन पुर्व पालिका भित्र वार्षिक व्यवसायिक अनिवार्य रुपमा कर बुझाउने नीति ल्याईनेछ ।
- नियमित रुपमा राजश्व तिरेका उद्योग तथा कलकारखानाहरु लाई गाउँसभामा सम्मान गर्ने नीति ल्याईनेछ ।
- कुनै पनि गैर सरकारी संघ संस्थाहरुले जानकी गाउँपालिका क्षेत्र भित्र कुनै पनि कार्य गर्दा वा सेवा प्रवाह गर्दा अनिवार्य रुपमा सम्बन्धित वडा तथा पालिका सँग समन्वय सहकार्य गर्ने गराउने नीति ल्याईनेछ ।
- अपुतालीको जग्गा जमिन तथा सम्पुर्ण सम्पत्तीहरुको अभिलेख व्यवस्थापन गरिने नीति ल्याईनेछ ।
- उद्योग तथा कलकारखाना बाट निस्कने फोहरमैला तथा प्रदुषण नियन्त्रण गर्ने नीति ल्याईनेछ ।

## ग) न्याय प्रणालीः

- स्थानीय तहलाई संविधानत प्राप्त न्यायिक अधिकारलाई जनताको प्रत्यक्ष अनुभुति गर्ने गरी सहजीकरण गरिनेछ । गाउँघर समाजमा उत्पन्न विवादको सुचिकृत मेलमिलापकर्ताद्धारा सम्भव भए

सम्म दुबै पक्षलाई मेलमिलाप र समझदारी गराई विवाद निरुपण गरिनेछ । न्याय प्रणालिलाई पहुँच योग्य र सरलीकृत बनाईने छ ।

- न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकावाट सूचिकृत मेलमिलापकर्ता हरुलाई समयानुकुल पुनर्ताजगी तथा आवश्यकता अनुसारको क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिने छ।
- न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्दाहरुको निष्पक्ष छानविन गरि पिडित पक्षलाई न्यायको प्रत्याभुत हुनेगरी समयमै मुद्दा मामिलाको छिनोफानो गरिनेछ ।
- न्याय प्रदान गर्दा न्यायिक मनको प्रयोग गरी निष्पक्ष न्याय प्रदान गरिनेछ ।
- मेलमिलापको माध्यमवाट विवाद समाधान हुँदा हुने फाईदाको वारेमा सडक नाटक द्धारा स्थानिय जनमानसमा जनचेतना मुलक कार्यक्रम गरिनेछ ।
- न्याय प्रणालिलाई पहँच योग्य र क्षमता विकासको लागी अन्तरपालिका भ्रमण तथा अवलोकन गरिनेछ ।
- म भ्रष्टचार गर्दिन र भ्रष्टचार गर्न पनि दिँदैनको नारालाई प्राथमिकतामा राखी त्यसतो व्यक्ति उपर कडा भन्दा कडा कार्यवाही गर्नको लागी उपाध्यक्षको संयोजकत्वमा ५ सदसिय समितिको गठन गरिने छ ।
- न्यायिक सम्वन्धी काम कार्यवाही तथा मेलमिलाप गराउनका लागी इजलासको छुट्टै व्यवस्था मिलाईनछ ।
- सवै बर्गलाई प्राथमिकता दिई कानूनी साक्षारता कार्यक्रम सन्चालन गरिनेछ ।
- स्थानिय निकायले हेर्न मिल्ने मुद्धाको सुचि होडिङवोर्ड गाउँपालिका तथा प्रत्येक वडाहरुमा राख्ने नितिलाई निरन्तरता दिइनेछ ।
- न्यायिक निरुपणको लागि नियुक्त गरिएका मेलमिलापकर्ताहरुको कार्यसम्पादन तथा शैक्षिक योग्यताको मूल्यांकन गरी थप जिम्मेवारी दिने नीति ल्याईनेछ ।
- न्यायिक समिति तथा मेलमिलापकर्ताहरु बाट मिलापत्र तथा छिनोफानो भएका मुद्दाहरुको कार्यान्वयनको लागि गाउँकार्यपालिका द्वारा समिति बनाई कार्यान्वयन गर्ने नीति ल्याईनेछ ।

## घ) आन्तरिक लेखापरीक्षणः

- जानकी गाउँपालिकाको उपलव्ध स्रोत साधनको परिचालन एवं उपयोगमा पारदर्शीता,मितव्यीतता, प्रभावकारीता ल्याई आर्थिक सुशासन कायम गर्न, सरकारी खर्चहरु कानून द्वारा सिमावद्ध, सुव्यवस्थित एवम् प्रभावकारी वनाउन जानकी गाउँपालिकाको संचित कोषको आन्तरिक लेखा परिक्षण सम्वन्धी कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।
- संविधान,ऐन,नियम र कार्यविधिले तोकिएको सिमाभित्र नियमित रुपमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था गरिनेछ।
- वित्तिय व्यवस्थापन सम्वन्धी नियमित रुपमा सरोकारवाला पक्षहरुसंग छलफल तथा बैठक संचालन गरिनेछ।
- आन्तरिक लेखापरिणको प्रतिवेदन नियमानुसार कार्यपालिका बैठकमा पेश गरि छलफल गरिनेछ।
- लेखा समितिका पदाधिकारीहरुलाई बेरुजु फ्छयौंट एवम् सम्परीक्षण सम्वन्धी अभिमुखिकरण तालिम संचालन गरिनेछ।

- गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्ष,वडा सचिव, शाखा प्रमुख र लेखा सम्वन्धी कर्मचारीलाई लेखा प्रणाली र लेखापरीक्षण सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रणाली र बेरुजु लगत व्यवस्थापनको लागि आवश्यक कार्यक्रम संचालन गरि सुधार गरिनेछ।
- गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालय र स्वास्थ्य चौकीहरुको गाउँपालिकावाट नियमानुसार आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

**आदरणीय जानकी गाउँवासी जनसमुदायहरु,**

**हाम्रो गाउँपालिका,राम्रो गाउँपालिका भन्ने ध्येयमा पुग्न "स्वास्थ्य, शिक्षा,कृषि पूर्वाधार र रोजगार : जानकी गाउँपालिकाको समृद्धिको आधार"** भन्ने नारालाई साकार पार्नका लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन्। यी नीतिहरुको सफल कार्यान्वयनको लागि गाउँपालिकामा कृयाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार जगत, नागरिक समाज लगायत सम्पूर्ण जानकी गाउँबासी आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु। अन्त्यमा, देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण जानकी गाउँबासीहरुबाट गाउँ विकासमा योगदान गर्नुहुन्छ भन्ने अपेक्षा सहित हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद
छब्बन खाँ
अध्यक्ष
जानकी गाउँपालिका
बाँके